'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प,
समृद्ध नेपाल, सुखी नेपाली राष्ट्रिय गन्तव्य'

# नवयुग

एघारौं राष्ट्रिय महाधिवेशन
CPN (UML) 11th NATIONAL CONGRESS


विशेष ई-बुलेटिन

११औं महाधिवेशन
४ दिन बाँकी

२७-२९ मङ्सिर २०८२, काठमाडौं 13-15 DECEMBER 2025, KATHMANDU

वर्ष १, अङ्क ४, मङ्सिर २३, २०८२, Dec 9, 2025 नेपाल संवत् ११४५

# महाधिवेशन उद्घाटन समारोह भव्य बनाउन व्यापक जनपरिचालन तयारी



सल्लाघारीमा महाधिवेशन उद्घाटनस्थलमा मञ्च तयार गरिँदै

- १०९ रोपनी क्षेत्रफलको सल्लाघारीमा उद्घाटन सभा
- ३ देखि ४ लाखको जनसहभागिता गराउने तयारी
- केन्द्रदेखि जनताको घरघरसम्म अध्यक्ष ओलीको निमन्त्रणा पत्र
- काठमाडौं, भक्तपुर र ललितपुरका सबै वडाबाट झाँकीसहित जुलुस निकालिने

काठमाडौं । नेकपा (एमाले) को यही मङ्सिर २७ गतेदेखि सुरु हुने ११औँ राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रलाई भव्य बनाउन व्यापक जनपरिचालनको तयारी भएको छ ।

एमाले बागमती प्रदेशका इन्चार्ज एवं महाधिवेशनका लागि गठित जनपरिचालन कमिटीका सचिव डा राजन भट्टराईले ३ देखि ४ लाख उपस्थित गराउने गरी तयारी भएको जानकारी दिनुभयो । 'एमालेको महाधिवेशन उद्घाटनमा इतिहासकै ठूलो उपस्थिति हुने प्रारम्भिक अनुमान गरेका छौं,' उहाँले भन्नुभयो, 'हाम्रो तयारी पनि त्यहीअनुसार रहेको छ ।' उद्घाटन सभालाई भव्य बनाउन १०९ रोपनी क्षेत्रफलको सल्लाघारी मैदान रोजिएको हो ।

जनपरिचालनका लागि ७५ सदस्यीय समिति बनाइएको भट्टराईले जानकारी दिनुभयो । 'तयारीका लागि पटक पटक उपत्यका केन्द्रित र जोडिएका जिल्ला कमिटीहरूसँगको बैठक बसेका छौं,' उहाँले भन्नुभयो, 'हामीले केन्द्र, प्रदेश, जिल्ला, नगर हुँदै वडा र घरघरसम्म निम्तो पठाएका छौं ।'



> 'हामीले केन्द्र, प्रदेश, जिल्ला, नगर हुँदै वडा र घरघरसम्म निम्तो पठाएका छौं ।'
>
> – डा. राजन भट्टराई

काठमाडौं, भक्तपुर र ललितपुरका सबै वडाबाट झाँकीसहित सभा क्षेत्रमा जाने तयारी गरिएको छ । 'यसपटक भद्रगोल हुँदैन,' उहाँले भन्नुभयो, ' अत्यन्तै सघन तयारी भएको छ ।' उद्घाटन सभाको 'वार्मअप' सभा मंसिर ६ गते जनजागरण सभाकोरूपमा एमालेले भव्य उपस्थित गराएको छ । जुन निकै शानदार भएको थियो ।

एमालेले सभामा सवारी आवतजावत व्यवस्थित बनाउन उपत्यका प्रहरी र उपत्यका ट्राफिकसँगको सहकार्यमा मुख्य कार्यक्रम स्थलभन्दा ३-४ किलोमिटर ट्राफिक व्यवस्थापन गर्ने भएको छ । उपत्यकाका कार्यकर्तालाई सवारी साधन नलिई पैदल नै आउन आह्वान गरिएको भट्टराईले बताउनुभयो ।

उद्घाटन सभामा सहभागी हुन अध्यक्ष केपी शर्मा ओलीका तर्फबाट पार्टीका सदस्यको घरघरमा पत्र पठाउन थालिएको छ । भट्टराईले लोकतन्त्रका पक्षधर शक्ति एकजुट भएर जानुपर्ने आवश्यकता महसुस गराउने गरी अध्यक्ष ओलीका तर्फबाट निमन्त्रणा पत्र तयार पारेर पठाइएको बताउनुभयो । पत्रमा राष्ट्रियता, लोकतन्त्र र संविधानमाथि आएको संकटविरुद्ध जनशक्तिको ऐक्यबद्धता प्रदर्शन गर्ने महत्वपूर्ण अवसरका रूपमा महाधिवेशनलाई रूपान्तरित गर्नुपर्ने ओलीले आग्रह गरिएको छ ।

एमालेलाई राष्ट्रियता र राष्ट्रिय स्वाभिमानको पहरेदार, लोकतन्त्रको सारथी, सामाजिक न्याय र सुरक्षाको सूत्रधार, सुशासन र विकासको नायक तथा समृद्ध नेपाल सुखी नेपालीको सपना पूरा गर्ने पार्टीका रूपमा चित्रण गर्दै अध्यक्ष ओलीले वर्तमान राजनीतिक परिस्थितिलाई ' गम्भीर चुनौतीको समय'को रूपमा व्याख्या गर्नुभएको छ ।

यही मङ्सिर २७ गते दिउँसो १२:३० बजे भक्तपुरको सल्लाघारीमा एमालेको ११औँ राष्ट्रिय

## ५० हजार उतार्न के गर्दै छ युवा सङ्घ ?

नेकपा (एमाले)को ११ औं महाधिवेशनमा कम्तीमा ५० हजार युवा उतार्न युवा संघ नेपालले देशव्यापी तयारी गरेको छ ।

सङ्घका अध्यक्ष क्षितिज थेबेका अनुसार यही मङ्सिर २७ गते हुने महाधिवेशनको उद्घाटन सभामा युवाहरूको उल्लेख्य सहभागिता बढाउन विभिन्न वडा, जिल्ला, पालिका र प्रदेश कमिटीहरूलाई अनिवार्य रूपमा युवाको सहभागिताका लागि उत्प्रेरक परिचालन गरिएको छ ।

थेबेका अनुसार काठमाडौं र ललितपुरका ६१ वडाबाट १ हजारका दरले ६१ हजार, उपत्यकाका अन्य १९ वटा पालिकाबाट १ हजारका दरले १९ हजार, उपत्यकाबाहेक बागमतीका १० वटा जिल्लाबाट १ हजार ५०० सयका दरले १५ हजार युवा जुटाउने युवा संघको तयारी छ । यसैगरी, महाधिवेशनमा कोशी प्रदेशबाट ४ हजार, मधेशबाट ४ हजार, गण्डकी ३ हजार, लुम्बिनीबाट २ हजार, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट ५ सयका दरले १ हजार युवा जुटाउने युवा संघले जनाएको छ । उहाँले भन्नुभयो, 'हामी टाउको गनेर नै ५० हजार युवा कार्यक्रम स्थलमा उताछौं । यसका लागि हाम्रो संगठनका सबै कमिटीहरू परिचालन गरेका छौं ।'

## इतिहास

### नेकपाको स्थापना र प्रथम महाधिवेशन

काठमाडौं । निरंकुश जहानियाँ राणा शासनका विरुद्ध जनआन्दोलनकै क्रममा २२ अप्रिल १९४९ तदनुसार २००६ साल वैशाख १० गतेका दिन नेपाल कम्युनिस्ट पार्टी स्थापना भयो । भारतको कलकत्तास्थित श्यामबजारमा स्थापना गरिएको नेपाल कम्युनिस्ट पार्टीको संस्थापक महासचिव कमरेड पुष्पलाल हुनुहुन्थ्यो । अन्य संस्थापक कमरेडहरूमा नारायणविलास जोशी, निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य र मोतीदेवी श्रेष्ठ हुनुहुन्थ्यो । नेकपा स्थापना पश्चात १५ सेप्टेम्बर १९४९ मा नेपाल कम्युनिस्ट पार्टीको कार्यक्रम सम्बन्धी पहिलो घोषणा-पत्र जारी गरियो । अहिले जनतामा स्थापित लोकप्रिय नेकपा (एमाले) त्यसैको निरन्तरतामा छ ।

नेपाल कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशन पार्टी स्थापना भएको ५ वर्षपछि सम्पन्न भयो । नेकपाको पहिलो महाधिवेशन ३० जनवरी १९५४ तदनुसार २०१० माघ १७ गते भूमिगत रूपमा ललितपुरको पाटनमा उद्घाटन भएको थियो । ललितपुर र काठमाडौंमा गरी महाधिवेशन ९ दिनसम्म चलेको थियो । पहिलो महाधिवेशनले ००७ सालको जनआन्दोलनबाट प्राप्त मुख्य उपलब्धिहरूलाई जोगाउने भनि कार्यनीति अबलम्बन गर्‍यो ।

चिनियाँ कम्युनिस्ट पार्टीको आठौं महाधिवेशनमा भाग लिन नेकपाका महासचिव कमरेड मनमोहन अधिकारीको नेतृत्वमा तीन सदस्यीय प्रतिनिधि मण्डल चीन गयो । यता नेकपाको नेतृत्व डा केशरजङ्ग रायमाझीको हात गयो । रायमाझी कार्यबाहक महासचिव बन्नुभयो । नेकपाभित्रको नेतृत्व तहमा सुरु भएको गुटबन्दी र चीन भ्रमण जाने विषयमा तीव्र विवाद भयो । सोही क्रममा रायमाझीले पार्टी कब्जा गरेपछि 'पार्टी कार्यक्रम परिवर्तन किन ?' भन्ने दस्तावेज अघि सार्नुभयो । रायमाझीको दस्तावेज विवाद बन्यो । रायमाझीकै कारण पहिलो महाधिवेशनबाटै कम्युनिस्ट आन्दोलनमा दुई धारको संघर्ष देखा पर्‍यो । दुई धारमध्ये एउटा नेपाली कम्युनिस्ट आन्दोलनको सही धार कमरेड पुष्पलालले गर्नुभयो । पार्टी रायमाझीको पकडमा गएकाले पहिलो महाधिवेशनले निर्धारित गरेका कुनै पनि नीति, कार्यदिशा कार्यन्वयन हुन सकेन ।

# महाधिवेशनमा सुरक्षा व्यवस्था बलियो बनाउन सम्बन्धित निकायलाई एमालेको आग्रह

काठमाडौं । नेकपा (एमाले)ले यही मङ्सिर २७ देखि २९ गतेसम्म सङ्घीय राजधानी काठमाडौ उपत्यकामा आयोजना गरिएको ११ औं राष्ट्रिय महाधिवेशनमा सुरक्षा व्यवस्था बलियो बनाउन सरकारको सम्बन्धित निकायलाई आग्रह गरेको छ ।

पार्टीका उपमहासचिव एवं जनपरिचालन समितिका संयोजक प्रदिप ज्ञवालीको नेतृत्वको एक टोलीले उपत्यका प्रहरी प्रमुख अतिरिक्त प्रहरी महानीरिक्षक (एआइजी) ईश्वर कार्कीलाई भेटेर सुरक्षा व्यवस्था बलियो बनाउन आग्रह गर्नुभएको हो । ज्ञवालीका अनुसार एआईजी कार्कीले उपत्यकाका सबै युनिटहरूसँग समन्वय गरेर महाधिवेशन केन्द्रित सुरक्षा योजना बनाउने प्रतिवद्धता जनाएको छ ।

गत भदौ २३ र २४ गतेको विध्वंस,तोडफोड र आगजनीपछि देशको सुरक्षा जोखिमका र तिनको आङ्कलन गरेर नेपाल प्रहरीले सबै स्रोत साधन र प्रविधिको उपयोग गर्ने जनाएको छ । यो विशेष परिस्थितिमा काठमाडौंमा यति धेरै मानिस एकैचोटी भेला भएका छैनन् । त्यसैले यो महाधिवेशनमा सुरक्षा जोखिमका विविध पाटाहरूलाई मिहिन ढंगले केलाउन एमालेले प्रहरीलाई आग्रह गरेको छ ।

महाधिवेशमा हुने सुरक्षा जोखिमका विभिन्न आयाममा नेपाल प्रहरीले अध्ययन गरिरहेको छ । त्यसैलाई मध्यनजर गरेर सुरक्षा योजना लागु गर्ने नेपाल प्रहरीको योजना रहेको कार्कीले जानकारी दिनुभएको छ ।



विशेष परिस्थितिमा हुन लागेको महाधिवेशन शान्तिपूर्ण रूपमा सम्पन्न गर्न नेपाल प्रहरीले गर्नु पर्ने कार्य सबै गर्ने र त्यसको तयारी सुरु भएको उपत्यका प्रहरी प्रमुख अतिरिक्त प्रहरी महानिरीक्षक कार्कीले जानकारी दिनुभयो ।

नेपाल प्रहरीले महाधिवेशनकाबेला विशेष गरी भीड नियन्त्रण, यातायात व्यवस्थापन, आकस्मिक घटनालाई मध्यनजर गर्दै योजना निर्माण गर्ने कार्कीले बताउनुभयो ।

महाधिवेशनका बारेमा एमालेले प्रहरीलाई आज मात्र औपचारिक जानकारी दिएकोले अब जिल्ला सुरक्षा समितिको बैठक बसेर योजना निर्माण गर्ने उहाँले कार्कीले बताउनुभयो । महाअधिवेशन भइरहेका बेला अधिवेसन स्थल र उपत्यकामा सहज आवगमनको व्यवस्थापनका लागि विशेष योजना बनाएर लागु गर्ने उहाँले बताउनुभयो ।

'यस कार्यक्रमलाई शान्ति सुरक्षा र भीड व्यवस्थापनलाई अत्यन्त संवेदनशील रूपमा हेरेका छौं । त्यसै अनुसार योजना निर्माण हुनेछ,' उहाँले भन्नुभयो 'अहिले सुरक्षा समितिको बैठक बसिसकेको छैन् । भर्खर आज आयोजकसँग यस विषयमा छलफल भयो । हामीले मातहतका निकायलाई योजना निर्माणका लागि आवश्यक निर्देशन दिइसकेका छौं ।'

कार्यक्रमस्थल, प्रवेशद्वार र आसपासका क्षेत्रहरूमा सहभागीहरूको आवागमन, पास प्रणाली र प्रवेश व्यवस्थापनमा आयोजकलाई सहजीकरण गर्दै शान्ति सुरक्षाको प्रत्याभूति गर्ने साथै सहभागी आउने विभिन्न नाका तथा प्रवेशविन्दुको सुरक्षाका साथै महाधिवेशनका दिन उपत्यकाको ट्राफिक चाप व्यवस्थापन गर्ने प्रहरीको महत्वपूर्ण भूमिका रहनेछ ।

यसका लागि नेपाल प्रहरीको स्रोत साधन र सुरक्षाका अन्य निकायसँगको सहकार्य र समन्वयका साथै महाधिवेशनका गतिविधि, जनप्रवाह र संवेदनशील क्षेत्रहरूको सुरक्षामा सिटिटिभी, मोबाइल कमाण्ड युनिट र आवश्यकताअनुसार ड्रोन निगरानी प्रयोग गरी शान्ति सुरक्षा कायम गरिने

### उद्घाटनसत्रमा दस हजार स्वयंसेवक खटिने

काठमाडौं । नेकपा (एमाले)को आगामी ११औं राष्ट्रिय महाधिवेशनको उद्घाटनसत्रका लागि करिब १० हजार स्वयंसेवक परिचालित गरिने भएको छ । स्वयंसेवक परिचालन समितिका संयोजक भानुभक्त ढकालका अनुसार भक्तपुरको सल्लाघारीस्थित खुल्लाचौरमा हुने उद्घाटन समारोहमा ठूलो भीड अपेक्षित भएकाले १० हजार स्वयंसेवक खटाइने तयारी भएको हो ।

उहाँका अनुसार काठमाडौंको भृकुटीमण्डपमा हुने बन्दसत्रका लागि भने करिब ५०० स्वयंसेवक रहनेछन् । स्वयंसेवकहरु २४ जनसंगठन तथा विभिन्न कमिटीबाट आउनेछन् भने एमालेले गठन गरेको राष्ट्रिय स्वयंसेवक फोर्स (एनभिएफ) ले समेत समन्वय गर्नेछ ।

# देशैभर जुर्मुराउँदै एमाले, च्यासलमा चहलपहल

काठमाडौं । नेकपा (एमाले) को सिङ्गो पङ्ति ११ औं राष्ट्रिय महाधिवेशन केन्द्रित भएको छ ।

महाधिवेशनका लागि देशैभर प्रतिनिधि छनोट कार्य पूरा भइसकेकाले अब प्रतिनिधिहरु काठमाडौं आउने तयारीमा लागेका छन् । महाधिवेशन उद्घाटनका क्रममा पार्टीले विशाल जनसभा समेत गर्ने भएकाले प्रतिनिधिबाहेक अन्य नेता, कार्यकर्ता, शुभेच्छुक तथा समर्थक समेत काठमाडौं केन्द्रित हुन थालेका छन् ।

देशैभरका पार्टी कार्यकर्ता जुर्मुराएर काठमाडौं केन्द्रित भइरहेका बेला पार्टी मुख्यालय च्यासलमा चहलपहल बढेको छ । महाधिवेशनका लागि काठमाडौं पुगिसकेका नेता-कार्यकर्ता पार्टी कार्यालय आएर केन्द्रीय तहका नेताहरूसँग भेटघाट गरिरहेका छन् ।

महाधिवेशन तयारीका लागि विभिन्न समिति, उपसमितिहरूले समेत आवश्यक तयारी गरिरहेका छन् । पार्टीको ११औं राष्ट्रिय महाधिवेशनको तयारीका लागि गठन गरिएको व्यवस्थापन समिति सचिवालयको बैठक पार्टी मुख्यालय च्यासलमा बसेको छ । पार्टी महासचिव शङ्कर पोखरेलको अध्यक्षतामा बसेको बैठकले महाधिवेशनको विस्तृत व्यवस्थापन, सहभागिता, कार्यक्रम तालिका र आवश्यक संरचनागत तयारीबारे छलफल र समीक्षा गरेको एमाले सङ्गठन विभाग सचिव माधव ढुङ्गेलले जानकारी दिनुभयो ।



महाधिवेशनका लागि बनेका विभिन्न समिति र उपसमितिहरूले युद्धस्तरमा काम गरिरहेका छन् । समग्र तयारीको अवस्थाबारे छलफल गरी बाँकी काम सम्पन्न गर्न व्यवस्थापन समिति सचिवालय अर्को बैठक यही मङ्सिर २५ गते बस्ने ढुङ्गेलले जानकारी दिनुभयो ।

एमालेमा ७७ जिल्ला र सात विशेष जिल्ला गरी कुल ८१ वटा जिल्ला कमिटी छन् । महाधिवेशनमा पार्टी सदस्यको अनुपातका आधारमा प्रतिनिधि छनोट गरिएकाले आयोजकसमेत गरी करिब २ हजार ४०० प्रतिनिधि सहभागी हुनेछन् ।



'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य'



# पार्टीलाई एकढिक्का बनाएर परिस्थितिको सामना गर्नुपर्ने छ

शेरधन राई, स्थायी कमिटी सदस्य
एवं कोशी प्रदेश इन्चार्ज

**एमालेको ११ औं राष्ट्रिय महाधिवेशनको भक्तपुरको सल्लाघारीमा हुने उद्घाटनसत्रमा दसौं राष्ट्रिय महाधिवेशनमा चितवनको नारायणी किनारमा भन्दा बढी जनसागर उर्लिने कुरा छ, के त्यो सम्भव छ ?**

हामी चितवनमा भएको दसौँ राष्ट्रिय महाधिवेशनको जनसहभागितालाई ब्रेक गर्छौं । लगभग त्यसको दोब्बर संख्यामा यसपटक उद्घाटन सत्रमा जनताहरूको सहभागिता हुन्छ । हामीले जेनजी आन्दोलनपछि देशका सबै वडा, पालिका, जिल्ला हुँदै केन्द्रस्तरमा विशाल जनप्रदर्शन गरेर आफ्नो लोकप्रियता स्थापित गरिसकेका छौं । एमाले खरानीबाट उठेर, धुलो टक्टकाउँदै जुरुक्कै उठेर जनताहरूको बिचमा गयो र एमाले कति लोकप्रिय छ भन्ने कुरा त्यो तथ्यहरूले नै त्यो दर्ज गराइसकेको छ ।

**एमालेमा नीतिका विषयमा खासै विवाद देखिँदैन, तर नेतृत्वका विषयमा सर्वसम्मत हुने स्थिति देखिएको छैन नि ?**

ललितपुरको गोदावरीमा सम्पन्न दोस्रो विधान महाधिवेशनमा कहीँ कतै केही कुरामा अर्थात् नीतिमा र नेतृत्वमा केही विवाद छैन । फेरि पनि ११औं महाधिवेशनबाट नेता, प्रमुख नेता केपी शर्मा ओली हो भन्ने कुरा पास गरेको छ । कुनै पनि कुरामा फरक मत छैन, केही पनि विवाद छैन । विधान महाधिवेशनपछिको भोलिपल्टबाट अर्थात् भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि विवाद सृजना गरिनु आश्चर्यजनक छ ।

मुलुक यत्रो संकटमा परेको बेला, लोकतन्त्र धरापमा परेको बेला, संविधान नै कोमामा रहेको बेला, हाम्रो राष्ट्रियता नै खतरामा रहेको बेला, हाम्रो देशको स्वाधीनता र स्वाभिमान माथि नै एउटा आँच आएको बेला केही नेताहरूले किन पार्टी नेतृत्वको विरोध गरेका होलान् ? भन्ने कार्यकर्ताहरूमा परेको छ । आफ्नो हस्ताक्षरबाट पारित भएका विधि, विधान र नीति र नेतृत्वको खिलाफमा, विरूद्धमा उत्रिएर, बोलेर के जात्रा देखाइराखेका होलान् भन्ने कुरा चाहिँ सम्पूर्ण पार्टी सदस्यहरूले गम्भीर रूपमा यो प्रश्न पनि उठाएका छन्। र यही प्रश्नहरूको बिचबाट सम्पूर्ण प्रतिनिधिहरु खबरदारी गर्नको निम्ति र ठिक ढंगले प्रतिनिधित्व गर्नको निम्ति महाधिवेशनका प्रतिनिधिहरूले विवेकको मत जाहेर गर्नेछन् ।

> मुलुक यत्रो संकटमा परेको बेला, लोकतन्त्र धरापमा परेको बेला, संविधान नै कोमामा रहेको बेला, हाम्रो राष्ट्रियता नै खतरामा रहेको बेला, देशको स्वाधीनता र स्वाभिमान माथि नै आँच आएको बेला पार्टीका केही नेताहरूले किन नेतृत्वको विरोध गरेका होलान् ? भन्ने कार्यकर्ताहरूमा परेको छ ।

**पार्टीको नेतृत्वमा सहमतिको प्रयास कसरी हुँदैछ ?**

हाम्रो पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको उम्मेदवारीको बारेमा जे बाहिर चर्चा परिचर्चा भइराखेको छ, यो कसैले पनि पत्याइराखेका छैनन् । यो पार्टीको दुई-दुई पटक महासचिव भइसक्दा पनि अध्यक्षको दावेदारको रूपमा, 'अध्यक्ष हुन्छु' भनेर उहाँले कहिले पनि प्रयत्न गर्नुभएन । उहाँले आफूलाई प्रस्तुत गर्नुभएन । त्यो तल सारा कार्यकर्तालाई त्यो अनुभूति उहाँले दिन सक्नुभएन । देश अप्ठ्यारोमा छ, पार्टी अप्ठ्यारोमा छ, संकटमा छ । पार्टीलाई युनाइट गर्नुपर्ने छ, एकढिक्का बनाएर परिस्थितिको सामना गर्नुपर्ने छ । सायद यो कुरामा अलिकति उहाँले विचार गर्नुहोला ।

**महाधिवेशनको संघारमा युवा लक्षित कार्यक्रम के छ ?**

११औं महाधिवेशनको कुरा मात्रै होइन, एमाले यो देशको सबैभन्दा ठूलो पार्टी । यो पार्टी राजकीय पार्टी पनि हो । यसले सरकारमा पुगेको बखतमा युवा लक्षित कार्यक्रमहरु के ल्याएको छैन? युवा स्वरोजगारको कुरा देखि लिएर सारा मतलब युवाहरूलाई कसरी उद्यमशील बनाउन सकिन्छ, कसरी मतलब स्वरोजगार बनाउन सकिन्छ भन्ने कुरा देखि लिएर देश बनाउने अभियानमा एमाले लागिरहेको छ । एमालेले युवा केन्द्रित कार्यक्रमहरु सरकारमा पुगेको बेला पनि प्राथमिकतामा राख्दै आएको छ । पार्टी भित्र पनि आज होइन, ११औं महाधिवेशनमा होइन, हाम्रो यसभन्दा अगाडि नै हरेक हाम्रो मतलब पार्टीको संरचनाहरूमा युवाहरूलाई १० प्रतिशत, १५ प्रतिशत, २० प्रतिशत जिल्लामा, पालिकामा, प्रदेशमा, वडासम्म अनिवार्य हामीले हरेक मतलब चाहिँ वडाहरूमा युवाहरूलाई अनिवार्य २५ जना युवाहरूलाई हामीले नयाँ सदस्यता दिएर ग्रुम गर्ने, यो त धेरै एक्सरसाइज हामीले गरिसक्यौं, अभ्यास गरिसक्यौं, कार्यान्वयन गरिसक्यौं। यस प्रकार आज यो महाधिवेशनमा देशैभरि बेग्लै मतलब युवा क्लस्टर बनाएर हामीले प्रतिनिधिको एउटा व्यवस्था पनि गरेका छौं । तराई, मधेस, आदिवासी, जनजाति देखि लिएर अपाङ्ग देखि लिएर दलित देखि लिएर यी सबै त्यस सन्दर्भमा हामी मिलाउने क्रममा प्रतिशत नै पनि छुट्याएर हामी युवाहरूलाई प्रतिनिधित्व गराउन हामी सक्छौं । यदि त्यो नहुँदा पनि पार्टीले ध्यान दिएर एकदम बकाइदा ४० भन्दा मुनिको युवा र जेन्जी युवा, उमेर समूहका चाहिँ केन्द्रीय कमिटीमा हामी ल्याउँछौं ।

**महाधिवेशनमा प्रतिनिधिलाई तपाईंको सन्देश के छ ?**

अहिलेको विशेष परिस्थितिमा देशभित्र र प्रवासबाट चुनिएर काठमाडौं आउन लागिरहनुभएका सम्पूर्ण प्रतिनिधिहरूलाई सबभन्दा पहिला त म बधाई भन्न चाहन्छु र शुभकामना पनि भन्न चाहन्छु, महत्वपूर्ण भूमिकाको निम्ति र राजनीतिक एउटा उज्यालो भविष्यको निम्ति। र मेरो आग्रह छ कि देश गम्भीर एउटा संकटमा छ । यो सामान्य खालको संकट होइन यो । यस प्रकारको प्रहार नेपालको इतिहासमा पहिला कहिले पनि भएको थिएन । त्यस प्रकार नेपालको अस्मितामाथि हमला भाको छ, राष्ट्र राष्ट्रियता, देशको

स्वाधीन स्वाभिमानमाथि हमला भएको छ। लामो, सात दशक लामो संघर्षबाट, आन्दोलनबाट, बलिदानबाट प्राप्त भएका उपलब्धिहरु माथि हमला भएको छ र लोकतन्त्र र हाम्रो संविधान नै एउटा खतरामा अहिले रहेको अवस्था छ । यस्तो अवस्थामा हाम्रो महाधिवेशन भइराखेको छ । त्यसैले देशलाई संकटबाट जोगाएर, संकटको एउटा समाधान सहित अगाडि बढ्नको निम्ति र त्यसको नेतृत्व एमालेले मात्रै गर्न सक्छ भन्ने पुष्टि गर्नको निम्ति प्रतिनिधिहरूलाई त्यस भूमिकाका निम्ति म आग्रह पनि गर्न चाहन्छु । र नेकपा एमाले मात्रैले पार लाउन सक्छ, देशलाई लिड गर्न सक्छ, लोकतन्त्रको रक्षा गर्न सक्छ, संविधानको रक्षा गर्न सक्छ, राष्ट्र राष्ट्रियताको रक्षा गर्न सक्छ, देशको स्वाधीन स्वाभिमानको रक्षा गर्न सक्छ भन्ने विश्वासको आधारमा सम्पूर्ण नेपाली जनताहरूलाई म आह्वान गर्न चाहन्छु, आग्रह गर्न चाहन्छु कि एमालेलाई साथ दिनुस् । एमाले त्यो सामर्थ्य राख्छ, हामी राख्छौं । ढुक्कले आँखा चिम्लिएर तपाईंहरूले विश्वास गर्न सक्नुहुन्छ, विश्वास गर्नुस् । म यो कुरा आग्रह गर्न चाहन्छु ।

**देश अप्ठ्यारोमा छ, पार्टी अप्ठ्यारोमा छ, संकटमा छ । पार्टीलाई युनाइट गर्नुपर्ने छ, एकढिक्का बनाएर परिस्थितिको सामना गर्नुपर्ने छ ।**

**११औं महाधिवेशनमा तपाईंको उम्मेदवारी के मा हुन्छ ?**

अवश्य पनि म ११औं राष्ट्रिय महाधिवेशनमा पदाधिकारीको दावेदार हुँ । त्यसका निम्ति म एकदमै क्वालिफाइड, एकदमै स्वाभाविक क्याण्डिडेट, अस्वाभाविक होइन । म एकदमै ग्रास रूटको सिलसिलाबाट, एउटा पनि भर्याङ डबल नचढिकन, क्रमशः सिलसिलाबाट म यो ठाउँमा आइपुगेको एउटा कार्यकर्तामा पर्छु । त्यसैले अध्यक्ष, उपाध्यक्ष र महासचिव बाहेकका पदाधिकारीमा एकदमै क्वालिफाइड, स्वाभाविक एउटा दावेदार हुँ ।

(अन्तर्वार्ताको विस्तृत विवरणका लागि : https://www.facebook.com/reel/1385270396331803)

# यसरी मिलाइएको छ आवास व्यवस्थापन



काठमाडौं । नेकपा (एमाले)को आसन्न ११औं राष्ट्रिय महाधिवेशनमा सहभागी हुन आउने प्रतिनिधिलाई बसोबासको छुट्टै व्यवस्था गरिएको छैन । प्रतिनिधिलाई महाधिवेशन आयोजक कमिटीले आवासको व्यवस्था नगरेको आवास व्यवस्थापन समितिका संयोजक एवं एमाले सचिव छविलाल विश्वकर्माले जानकारी दिनुभयो ।

नेता विश्वकर्माका अनुसार प्रतिनिधिलाई काठमाडौंमा बस्न समस्या नहोस् भनेर नेता तथा कार्यकर्ताको घर र कोठामा राख्ने व्यवस्था मिलाएको छ । तर, कुनै पनि प्रतिनिधिलाई आवास व्यवस्थापनमा समस्या परे सम्बन्धित प्रदेशका अध्यक्षले प्रदेश सम्पर्क कमिटीसँगको समन्वयमा व्यवस्थापन गरिने भएको छ ।

सम्पर्क समन्वय कमिटीले बस्न र खाना समस्या हुने प्रतिनिधिलाई नेता तथा कार्यकर्ताको घर र कोठामा भए पनि बासको प्रबन्ध गरेको जनाएको छ । टाढाबाट आउने प्रतिनिधिलाई बस्न र खानाका समस्या भएमा नेता तथा कार्यकर्ताको घरमा राख्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो ।

पार्टीले आवासको व्यवस्था नगरेकाले प्रतिनिधि शुल्क पनि तीन हजार र दुई हजार मात्र तोकेको छ । महाधिवेशनका आयोजक प्रतिनिधिलाई तीन हजार रुपियाँ र निर्वाचित भएर आउने प्रतिनिधिलाई दुई हजार रुपियाँ शुल्क तोकेको हो ।

यसैबीच सो समितिका संयोजक विश्वकर्माको अध्यक्षता र सचिव लालबाबु पण्डितको सञ्चालनमा सोमबार बसेको बैठकले महाधिवेशनमा सहभागी प्रतिनिधिहरूका लागि हुने आवाससम्बन्धी तयारी, निर्णय र कार्ययोजना तय गरेको छ । बैठकले २०८२ मङ्सिर ४ गते बसेको पार्टी सचिवालय बैठकले महाधिवेशन आवास व्यवस्थापनको जिम्मेवारी यस समितिलाई प्रदान गरेकोप्रति धन्यवाद ज्ञापन गर्दै सो जिम्मेवारी व्यवस्थित रूपमा निर्वाह गर्ने प्रतिबद्धता जनाएको छ । समितिले महाधिवेशनमा उपस्थित हुने प्रतिनिधिमध्ये स्वयम् आवासको व्यवस्था गर्न नसक्नेहरूलाई मात्र समितिबाट तोकिएको स्थान होमस्टेमार्फत बसोबास मिलाइने निर्णय गरेको छ । अनिवार्य रूपमा आवास आवश्यक पर्ने प्रतिनिधिहरूको विवरण छिटो सारांश गर्ने र समग्र व्यवस्थापनलाई सहज बनाउन आन्तरिक रूपमा आवश्यक सर्कुलर जारी गर्ने तयारीसमेत बैठकले गरेको छ ।

आवास व्यवस्थापन समितिमा संयोजक विश्वकर्मा र सचिव पण्डितसहित नरेन्द्र श्रेष्ठ, सरस्वती बस्नेत, कल्पना थापा, इन्द्र भण्डारी, हिमबहादुर क्षेत्री, श्यामकुमार बस्नेत, ठानेश्वर बस्याल, आरसी लामिछाने, नवराज घिमिरे, प्रविणकुमार यादव, अशोककुमार ठकुरी, राजेन्द्र आचार्य, श्रीप्रसाद पाण्डे, भक्तबहादुर रावत, सुरज खत्री र आमन्त्रित सदस्य पूजा बस्नेत रहनुभएको छ ।

# अध्यक्ष ओलीको अपमान गर्न खोजेका छैनौं : उपाध्यक्ष ज्ञवाली

काठमाडौं । नेकपा (एमाले) ले ११ औं राष्ट्रिय महाधिवेशनका सन्दर्भमा आज सो पार्टीका उपाध्यक्षहरू युवराज ज्ञवाली, सुरेन्द्र पाण्डेलगायत नेताहरूको सहभागितामा एक अन्तरसंवाद आयोजना गरिएको छ । कार्यक्रममा नेताहरूले एमाले मुलुकको ठुलो र लोकप्रिय पार्टी रहेको बताउँदै महाधिवेशनको उद्घाटनसत्रमा सहभागी हुन आम जनसमुदाय र कार्यकर्तामा आग्रह गर्नुभयो । उहाँहरूले पार्टीमा सामूहिक नेतृत्व तथा नेतृत्व हस्तान्तरण, पुस्तान्तरण र पुनः व्यवस्थित हुनुपर्नेमा जोड दिनुभयो ।

उपाध्यक्ष ज्ञवालीले वर्तमान अध्यक्ष केपी शर्मा ओलीको हालसम्मको योगदानलाई सम्मान गर्दै पार्टीलाई थप लोकतान्त्रिक र व्यवस्थित बनाउन नेतृत्व हस्तान्तरण हुनुपर्ने बताउनुभयो । "हामी अध्यक्ष ओलीलाई अपमान गरेर उहाँलाई बिदा गर्न खोजिरहेका छैनौं । उहाँको योगदानप्रति सम्मान गर्दै नेतृत्व हस्तान्तरणका लागि छलफल गरिरहेका छौं ।" उपाध्यक्ष ज्ञवालीको भनाइ थियो ।

अर्का उपाध्यक्ष पाण्डेले आफूहरूका तर्फबाट महाधिवेशनमा वर्तमान वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल अध्यक्षमा उम्मेदवार बन्ने र अन्य पदाधिकारीको उम्मेदवारीबारे सरसल्लाह भइरहेको जानकारी दिनुभयो । पार्टीका स्थायी कमिटीका सदस्य कर्ण थापाले पार्टीलाई लोकतान्त्रिक विधि विधानबाट सञ्चालन गर्न आग्रह गर्नुभयो ।






'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य'

# ‘जनप्रतिनिधि र राजकीय जिम्मेवारीमा रहेकाहरुले तत्कालै लेबी बुझाउनू’



काठमाडौं । नेकपा (एमाले)बाट जननिर्वाचित पदाधिकारी, राजकीय पदमा राजनीतिक नियुक्ति लिएका सदस्यहरूबाट बक्यौता रहेको पार्टीले तोकेको न्युनतम लेबी (शुल्क) तत्काल बुझाउन केन्द्रीय कार्यालयले ताकेता गरेको छ ।

यही मङ्सिर २२ गते बसेको ११ औं राष्ट्रिय महाधिवेशन सचिवालयको बैठकमा निर्वाचित पदाधिकारी, नियुक्ति लिएका सदस्यहरूलाई लेबीको ताकेता गर्ने प्रस्ताव गरिएको हो । विभिन्न तहका सरकारमा निर्वाचित पदाधिकारी र विभिन्न राजकीय पदमा नियुक्ति लिएका तर पार्टीले तोकेको लेबी (शुल्क) नबुझाएका महाधिवेशन प्रतिनिधिहरूलाई हलमा प्रवेश रोक्ने प्रस्ताव गरिएको छ ।

बैठकमा स्थायी कमिटी सदस्य एवं सङ्गठन विभागका प्रमुख काशीनाथ अधिकारीले एमालेको सरकार भएका बेला मन्त्री, मुख्यमन्त्री, सांसद, प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख, उपप्रमुख, विभिन्न आयोग, संस्थान, बोर्ड, प्रधानमन्त्री, मन्त्री तथा सचिवालयकालगायतमा नियमित पारिश्रमिक पाउनेहरू मध्ये कतिपयको पार्टीले तोकेको शुल्क (लेबी) नबुझाएको पाइएको छ ।

बक्यौता शुल्क नबुझाएसम्म बन्दसत्र हल प्रवेशमा रोक लगाउनुपर्ने प्रस्ताव सङ्गठन विभाग प्रमुख अधिकारीले बैठकमा राख्नुभएको थियो । पार्टीले यस प्रकारको लेवी नबुझाउनेहरूको अभिलेख अद्यावधिक गरेर सम्बन्धित व्यक्तिलाई समेत पठाइ सकेको छ । एमालेले लाभको पदमा गएकाहरूलाई तह अनुसार मासिक पारिश्रमिकबाट बढीमा १० प्रतिशतसम्म लेवी पार्टीलाई बुझाउनु पर्ने व्यवस्था गरेको छ ।

## जनपरिचालनका लागि भेला



काठमाडौं, मंसिर २२ । नेकपा एमाले रामेछापले पार्टीको मंसिर २७ बाट सुरु हुने राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रमा जिल्लाको तर्फबाट जनसहभागिता जुटाउने विषयमा जनपरिचालन भेला काठमाडौंमा सम्पन्न भएको छ ।

पार्टी जिल्ला कमिटी अध्यक्ष पुरुषोत्तम कडरियाको अध्यक्षता तथा नेकपा एमाले वाग्मती प्रदेश कमिटी इञ्चार्ज एवं महाधिवेशन जनपरिचालन कमिटीका सदस्य डा. राजन भट्टराईको प्रमुख आतिथ्यतामा भेला भएको हो । भेलामा एमाले पोलिटब्युरो सदस्य कमलप्रसाद चौलागाईँ, केन्द्रीय सदस्य गीता कार्की, माधव ढुङ्गेल लगायतका केन्द्रीय, प्रदेश, जिल्ला र सम्पर्क मञ्चका उपलब्ध नेताहरूको सहभागिता थियो ।

कार्यक्रममा बोल्दै भट्टराईले एमालेको यो महाधिवेशन देशको भविष्यसँग पनि जोडिएको महाधिवेशन भएको बताउनुभयो । त्यसैले महाधिवेशनलाई भव्य रूपमा सफल बनाउन पार्टीको सबै तह एकढिक्का भएर लाग्नु पर्नेमा उहाँले जोड दिनुभयो ।

भट्टराईले रामेछाप काठमाडौँबाट नजिक भएकोले पनि रामेछापबाट महाधिवेशनको उद्घाटन सत्रमा उल्लेख्य जनसहभागिता जुटाउने गरी काम गर्न निर्देशन दिनुभयो । जिल्ला र काठमाडौंमा रहेका पार्टीका नेता, कार्यकर्ता, शुभेच्छुक तथा शुभचिन्तक र आमजनसमुदायलाई एकतृत गरी महाधिवेशनको उद्घाटन सत्रमा सहभागी गराउन उहाँले आग्रह गर्नुभयो ।

भेलामा पार्टी जिल्ला अध्यक्ष पुरुषोत्तम कडरियाले जनपरिचालनमा जिल्ला पार्टीको योजना बारे जानकारी गराउनुभएको थियो ।

## वरिष्ठ उपाध्यक्ष पोखरेलद्वारा अवधारणापत्र प्रस्तुत

काठमाडौँ । नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले ११ औँ राष्ट्रिय महाधिवेशनका सन्दर्भमा आफ्नो अवधारणापत्र बुझाउनुभएको छ ।

पार्टी महासचिव शंकर पोखरेलमार्फत उहाँले सो अवधारणापत्र बुझाउनुभएको हो । ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा वरिष्ठ उपाध्यक्ष पोखरेलले अध्यक्ष ओलीलाई सम्बोधन गरेर 'अवधारणा-पत्र' पार्टी महासचिव पोखरेललाई बुझाउनु भएको हो । अवधारणा पत्रमा जेनजी आन्दोलनपछिको परिस्थितिबारे पार्टीको ११ औँ महाधिवेशनमा पार्टीको कार्यक्रम, कार्यदिशा, संगठनात्मक सिद्धान्त र नेतृत्वका सम्बन्धमा छलफलको माग गर्नुभएको छ । अवधारणापत्र बुझाउन वरिष्ठ उपाध्यक्ष पोखरेलसँगै उपाध्यक्ष युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, सचिव योगेश भट्टराईसमेत सहभागी हुनुहुन्थ्यो ।



# महाधिवेशनमा एकमना एकताका साथ जानु पर्दछ

■ घनश्याम खतिवडा
नेकपा (एमाले) अध्यक्ष, कोशी प्रदेश


**• नेकपा (एमाले)को मजबुद संगठन भएको कोशी प्रदेशले ११ औं महाधिवेशनलाई कुन रूपमा हेरिराख्नु भएको छ ?**

यो ११ औं राष्ट्रिय महाधिवेशनको सन्दर्भमा कोशी प्रदेशको १४ जिल्लाका भूगोल केन्द्रित भएर २ सय ४० जना प्रतिनिधिहरु निर्वाचित हुनुभएको छ । धनकुटा र ओखलढुंगामा प्रतिनिधि छनोटका विषयलाई लिएर केही समस्या देखिएको थियो । समस्यालाई समाधान गरेर हामीले २ सय ४० जना महाधिवेशन प्रतिनिधिहरूको नाम सङ्गठन विभागमा पठाइसकेका छौं । अधिवेशनको पूर्ण तयारीमा भएको देख्छु । सबै प्रदेशबाट प्रतिनिधिहरु छानिएर ११ औं राष्ट्रिय महाधिवेशनको अन्तिम तयारीमा छौं ।

यो तयारीको पूर्वसन्ध्यामा विधान अधिवेशन पछाडि मुलुकको परिस्थिति गम्भीर भयो । 'जेन जी' आन्दोलनका नाममा मुलुकमा प्रतिगमनकारीहरूले मुलुकलाई तहसनहस बनाउने प्रयत्नहरु गरे । केही तहसनहस बनाए पनि त्यो परिवेशलाई चिर्दै हामी ११ औं महाधिवेशनको तयारी गऱ्यौं ।

**• महाधिवेशनमा एमाले कसरी अघि बढ्ला त ?**

नेकपा (एमाले)को यो ११ औं राष्ट्रिय महाधिवेशन 'एक मना एकता' को अधिवेशनको रूपमा लिएर जानुपर्छ भन्ने आम कार्यकर्ताहरूको भनाइ छ । त्यो हिसाबले एमाले जस्तो एउटा लोकतन्त्रका लागि पिलरको रूपमा रहेको पार्टीले आफ्नो अधिवेशनलाई पूर्ण लोकतान्त्रिक बिधिले अपनाउनु पर्दछ । तथापि सहमति र सहकार्यका हिसाबले त्यत्तिकै दर्बिलो पार्टी बनाउनका लागि यो महाधिवेशन कोसेढुङ्गा सावित हुनुपर्छ भन्ने आम कार्यकर्ताहरूको बुझाइ छ । हामीलाई आएका सुझाव यो खालका छन् ।



**• महाधिवेशनमा नेतृत्वको विषयमा मात्र छलफल गर्छ कि जनजिविकाका सवालमा पनि छलफल हुन्छ ?**

निश्चय नै जनतासँग जोडिएका विषयमा छलफल हुन्छ । किसानको उत्पादनले बजार पाएको छैन । मूल्य पाएको छैन । रोजगारी नभएर गाउँ नै खाली हुने गरी युवाहरू बाहिरी देश गएका छन् । यस्ता विषयमा एमाले बोल्छ । समाजमा रहेका विविध समस्याको समाधानको नेतृत्व गर्ने पार्टी एमाले नै भएकोले यी सबै विषयहरू हाम्रो महाधिवेशन उठाइन्छ ।

# कमजोर भएको संवैधानिक प्रक्रियालाई महाधिवेशनले मजबुत बनाउन दिशानिर्देश गर्नेछ

■ कैलाश ढुंगेल
अध्यक्ष बागमती प्रदेश, नेकपा (एमाले)

**• नेकपा (एमाले)को ११ औं राष्ट्रिय महाधिवेशन तपाईंको भूगोल अर्थात् बागमतीमा हुँदैछ । ऐतिहासिक महाधिवेशन सफल बनाउन र व्यापक जनपरिचालनसँग तपाईं जोड्नुभएको छ । तयारी कहाँ पुगेको छ ?**

पार्टीको ११ औं महाधिवेशनको उद्घाटन समारोह भक्तपुरको सल्लाघारी तीनकुनेमा हुँदैछ । २७ गते हुने उद्घाटनमा व्यापक जनपरिचालन गरेर जनसागरको उपस्थिति गराउनुपर्ने दायित्व छ । अहिले त्यही दायित्व पुरा गर्ने काममा केन्द्रित भएका छौं । मलाई लाग्छ इतिहासमा मंसिर २७ गते एकै ठाउँमा सबैभन्दा बढी मान्छे जम्मा हुने दिन हुनेछ ।

**• बागमती प्रदेशमा प्रतिनिधि चयनदेखि लिएर अरू सबै तयारी पुरा गरिसक्नु भयो ?**

प्रतिनिधि टुंग्याइसक्यौं । जनसागर राजधानीमा उतार्न जन परिचालनमा केन्द्रित छौं ।

**• बागमतीबाट महाधिवेशन प्रतिनिधि कति जना सहभागी हुन पाउँछन् ?**

बागमतीको भूगोलबाट २ सय ५० जना चुनिएका छन् । त्यसबाहेक गैरभूगोलबाट पनि आउने व्यवस्था छ । सबै जोड्दा ३ सय हाराहारीमा बागमतीकै प्रतिनिधि हुन्छन् । आयोजक बाहेक बागमती निर्णायक ठाउँमा छ । भूगोल, राजनीति र राजनीतिक नेतृत्व, प्रतिनिधि सबै हिसाबले निर्णायक हुन्छ । यसले विवेक, सङ्गठन, सङ्घर्ष र एमालेको भोलिको मार्गलाई प्रशस्त गरेर मार्गलाई बलियो बनाउँछ । महाधिवेशनबाट आउने नेतृत्वले मुलुकमा कमजोर भएको राष्ट्रियता, मुलुकमा कमजोर भएको संवैधानिक प्रक्रिया, लोकतान्त्रिक प्रक्रियालाई मजबुत बनाउन यो अधिवेशनले दिशानिर्देश गर्नेछ ।

**• एमालेले जनजीविकाको सवाललाई पनि महाधिवेशनमा उठाउँछ ?**

वास्तवमै एमाले जनजीविकाको सवाल उठाउनका लागि नै स्थापना भएको पार्टी हो । त्यसैले यसैले पार्टीको सर्वाधिक ठूलो मञ्चमा यस्ता विषय नउठ्ने कुरै भएनन् । हामी सुशासन,लोकतन्त्रका साथै किसानले समयमा मल बीउ पाउनु पर्ने कुरा,सिंचाई र बजारका कुरा, श्रमिकको ज्यालाका कुरा, बढ्दो महंगीले जनताको ढाड सेकिएको कुरा, शिक्षा र स्वास्थ्यका विषयमा पनि पर्याप्त छलफल गर्छौं । महाधिवेशनपछि प्रस्तुत गरिने घोषणाा पत्रमा यी सबै विषयहरू समेटिन्छन् ।



प्रकाशक : नेकपा (एमाले) ११ औं राष्ट्रिय महाधिवेशन प्रचार समिति, सल्लाहकार : पद्मा अर्याल, प्रधान सम्पादक : राजेन्द्र गौतम, सम्पादक : गणेश पाण्डे
कार्यकारी सम्पादक : चेतन अधिकारी
सम्पादन मण्डल : इन्द्रमान बुढा (उजिर मगर), विष्णु तारुके, नरेश भण्डारी, प्रकाश सिलवाल, देवराज सावद, टीकाराम उप्रेती, दीपक ज्ञवाली, शेखर अधिकारी, रामेश्वर कार्की, लक्की चौधरी, कालिका खड्का, ध्रुव सुवेदी